तिमीहरूले यस्तो नभन्नु : अल्लाहले जे चाहनुहुन्छ र फलानो जे चाहन्छ, बरु यसरी भन्नु: अल्लाहले जे चाहनुहुन्छ र त्यसपछि फलानोले जे चाहन्छ ।

हुजैफा (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "तिमीहरूले यस्तो नभन्नु : अल्लाहले जे चाहनुहुन्छ र फलानो जे चाहन्छ,
बरु यसरी भन्नु: अल्लाहले जे चाहनुहुन्छ र त्यसपछि फलानोले जे चाहन्छ ।"
[सम्पूर्ण तुरुक (सिलसिला) ले गर्दा सही हो] [अबू दाउदले र निसाईले सुनन कुब्रामा तथा अहमदले वर्णन
गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले कुराकानी गर्दा 'अल्लाहले जे चाहनुहुन्छ र फलानोले जे चाहन्छ' वा अल्लाह र फलानोले जे चाहन्छ; ' भन्न निषेध गर्नुभएको छ ।" किनभने अल्लाहको इच्छा र उहाँको इरादा स्वाधीन र पुर्ण छ र यसमा कोही साझेदार छैन । उक्त भनाईको संयोजनमा "र" शब्दको प्रयोगले अल्लाहसँग कोही साझेदार छ र दुवै बराबर छन् भन्ने संकेत गर्दछ । तसर्थ, एक मुस्लिमले "जे अल्लाह चाहनुहुन्छ र त्यसपछि जे फलानो चाहन्छ भन्नु पर्छ ।" यस प्रकारले, "र" को सट्टा "त्यसपछि" शब्दको प्रयोग गर्दा व्यक्तिको इच्छा अल्लाहको इच्छाको अधीनमा पराधीन रहेको बुझिन्छ। किनकि "त्यसपछि" शब्दले बराबरीमा नभई पछि भएको क्रमलाई जनाउँछ, जुन "र" शब्दमा हुँदैन।

http://www.sunnah.global/hadeeth/ne/show/3352